.........पृष्ठ ४ मा

स्थानीय सरकार

# पाख्रीबास नगरपालिका

नगर कार्यपालिका कार्यालयको

## धनकुटाको हाट बजार शुल्क संकलन सम्बन्धी सूचना

आगामी आ.ब.२०७५/०७६ का लागि पाख्रीबास बजार क्षेत्र अर्न्तगत सान्ने जाने सडक छेउमा बिगत लामो समय देखि लाग्दै आएको साप्ताहिक हाटको शुल्क संकलन सम्बन्धी १५ (पन्ध्र) दिने सार्बजनिक सार्बजनिक सूचना प्रकाशन गरीएको छ । इच्छुक ब्यक्ति, फर्म कम्पनी/संस्थाले तपसिलमा उल्लेखित शर्त कबुल गरी तोकिएको समय भित्र शिलबन्दी प्रस्ताब पेश गर्नुहुन इच्छुक सबैमा अनुरोध छ ।

**तपसिल**

१) शुल्क संकलनका लागि प्रस्ताब पेश गर्ने फारम न.पा.बाट रु १.०००। तिरी (फिर्ता नहुने गरी) प्राप्त गर्न सकिनेछ ।फारम २०७५/०३/१५ गतेसम्म खरिद गर्न सकिनेछ, शिलबन्दी प्रस्ताव दर्ता २०७५/०३/१७ गते दिनको १२:०० बजे सम्म कार्यालयमा दर्ता गर्नुपर्नेछ भने सोही दिन ०२:०० बजे शिलबन्दी प्रस्ताव खोलिनेछ

२) प्रस्ताब सगै ब्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र संस्था भए संस्था दर्ता, नबिकरण लगाएतको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

३) आगामी आ.ब.०७५/०७६ को लागि बार्षिक शुल्क न्युनतम रु ८५०००। (पचासी हजार) हुनेछ । न्युनतम ८५०००। भन्दा कम प्रस्ताब गर्ने ब्यक्ति/संस्थाको प्रस्ताब स्विकृत गरीने छैन ।

४) प्रस्ताबदाताले आफूले प्रस्ताब गरेको (कबोल अंक)को ५% ले हुने रकम यस नगरपालिकाको नाममा रहेको NIC ASIA बैक हिले शाखाको धरौटी खाता नं. 88CA502647524003 मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

५) प्रस्ताब्रदाताले प्रस्ताब गरेको रकम एकमुष्ट रुपमा संझौता भएको दिन बुझाउनु पर्नेछ । यसरी एकमुष्ट बुझाउदा १०% छुट दिइनेछ ।

६) शुल्क संकलन नगरपालिकाले तोके बमोजिमको क्षेत्र र सिमामा रही गर्नुपर्नेछ । स्विकृत शुल्क संकलन सम्बन्धी दररेट प्रस्ताब फारम सगै उपलब्ध गराइने छ ।

७) शुल्क संकलन गर्दा प्रयोग हुने रसिद सम्बन्धीत पक्षले छपाउनु पर्नेछ भने सो मा न.पा.बाट प्रमाणित गराई मात्र प्रयोग गर्न पाइनेछ ।

८) बजारको सरसफाई गर्ने दायित्व प्रस्तावदाता कै हुनेछ भने कबोल रकममा संझौता भएपछि जुनसुकै कारण भए पनि कुनै प्रकारको छुट/सुबिधा उपलब्ध गराईने छैन ।

९) प्रचलित कानून बमोजिम संघीय सरकार/प्रदेश सरकार लाई तिर्नु बुझाउनु पर्ने कर सम्बन्धीत पक्षले तिर्नु पर्नेछ ।

१०) प्रस्तावदाताको प्रस्ताव स्विकृत/अस्विकृत गर्ने अधिकार नगरपालिकाको कार्यालयलाई रहने छ । अन्य विषय प्रचलित कानुन बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**